# ८ पत्रुस र चट्टान (ख्रीष्ट)

*यस अध्यायका मूल पदहरू:* गलाती ४:४,५, हिब्रू ७:२६, मत्ती १६:१३-२०, एफिसी २:२०, मत्ती १६:२१-२७, मत्ती १७:१-९।

*यस अध्यायको मूल सार पद:* "तिमीहरूलेचाहीँ मेरो बारेमा के निश्कर्ष निकालेका छौ?" येशूले सोध्नुभयो" (मत्ती १६:१५ रूपान्तरित)।

"उहाँ कसरी यरूशलेममा जानैपर्छ, र धर्म-गुरु र मुख्य पूजाहारीहरू र शास्त्रीहरूबाट धेरै कष्ट भोग्नैपर्छ, मारिनुनैपर्छ र तेस्रो दिनमा जीवित भइउठ्नुनैपर्छ भनी उहाँले त्यस बेलादेखि आफ्ना चेलाहरूलाई देखाउन थाल्नुभयो।" (मत्ती १६:२१ रूपान्तरित)।

नयाँ करार स्पष्ट छः येशू मर्नै पर्छ। जब उहाँमाथि क्रुसको छायाँ पर्दै थियो, उहाँले प्रार्थना गर्नुभयो, "२७ "अब मेरो प्राण व्याकुल भएको छ, र म के भनूँ? 'हे पिता, मलाई यस घड़ीबाट बचाउनुहोस्'? तर त्यसकै कारणले नै म यस घड़ीसम्म आइपुगेको छु। २८ हे पिता, तपाईंका नाउँको महिमा गर्नुहोस्।..." (यूहन्ना १२:२७,२८)। यो नै परमेश्वरको योजना थियो जुन् परमेश्वरको दिमागमा घुसेको थियो। त्यो योजना समयको सुरू वा आविष्कारभन्दा अघि नै परमेश्वरले तर्जुमा गर्नुभएको थियो (तितस १:२,२ तिमोथी १:९ रूपान्तरित)।

त्यसैकारण येशूले केवल यी भन्नुभएन, "चाहेर पनि वा नचाहेर पनि म यरुशलेम जाँदैछु, धेरै दुःखकष्ट भोग्नेछु, म मारिनेछु, तेस्रो दिनमा म जीवित हुनेछु।" मानिसहरूलाई पापबाट बचाउन ती सबै व्यक्तिगत संघर्ष वा वेदना र क्रुसको मृत्यु उहाँले भोग्नुपर्ने थाहा पाएर पनि त्यो भयावभ क्षणहरू उहाँले साँच्चिकै सामना गर्न चाहनुहुन्छ कि हुँदैन भन्ने निर्णय गर्ने कि नगर्ने भन्ने आत्मनिर्णयको अधिकार उहाँमा नै थुप्रिएको थियो। उहाँ आफै परमेश्वर हुनुभएकोले र उहाँको व्यवस्था वा दश आज्ञाहरू गरिमामय र पवित्र भएको हुनाले पापको कारण विधिको शासन वा परमेश्वरको व्यवस्था उलङ्घन् गर्दा मानिसहरूले पाउनुपर्ने सजायँबाट तिनीहरूलाई उम्काउने उपाय केवल उहाँको मृत्युमात्र भएको थियो।

येशूका केही कथाहरू यस अध्यायमा हामी टिप्नेछौं। हामीहरूले पत्रुसतिरपनि नजर राख्नेछौं। समय सुरू हुनुभन्दा अघि नै बनिएको योजनामा

येशूको सेवाकार्य समावेश भएको हुनाले त्यस योजनमा उहाँ लम्किरहनुहुँदा पत्रुसको कस्तो प्रतिक्रिया थियो त्यो पनि हामी केही हदसम्म केलाउन प्रयास गर्नेछौं।

## १. "तपाईं ख्रीष्ट हुनुहुन्छ" (मत्ती १६:१३-१७)

येशूको सेवाकार्यको झन्दै सुरूदेखि नै उहाँसँग सँगसँगै बस्न, हिँड्न अवसर पाएका पत्रुसको अनुभव कस्तो थियो होला, त्यो हामीले कल्पनामात्र गर्द सक्दछौं। येशूको एक अचम्मको आश्चर्य कामपछि अर्को कामको प्रतक्ष्यदर्शी हुन जानुपर्दा पत्रुसको दिमागमा उहाँप्रति कस्तो सोचले पौडी खेले होला? जटिल रोगलाई निको पार्नुभएको, मानिसहरूमा भएका शैतानका दुष्ट आत्माहरू धपाउनुभएको, भिँडहरूको भोकलाई तृप्त पार्नुभएको, कुनै पनि धर्मगुरूको भन्दा चुनौतीपूर्ण अचम्मका शिक्षाहरू सुनाउनुभएको, मरेको मानिसहरूलाई बिँताउनुभएको र पत्रुस स्वयँ येशूसँग पानीमाथि हिँड्न पाएको अनुभवहरूलाई एकत्रित पार्दा येशूप्रति उनको व्यक्तिगत धारणाले कस्तो जग बसाल्न थाल्यो होला? उहाँलाई र अरू धर्मगुरूहरूलाई तुलना गर्दा उहाँप्रति कस्ता कस्ता प्रश्नहरू ओइरोन थाले होला? ती प्रश्नहरूमा एक शायद एकदुई यस्तो पनि हुनसक्छः बप्तिस्मा दिने यूहन्नाको भयानक र दुःखदायी मृत्युलाई येशूले किन रोक्न खोज्नुभएन? येशूले असाधारण तथा मानव विज्ञानले व्याख्या गर्न नसकेका अचम्म कामहरू गर्नुभएको परप्रेक्ष्यमा यूहन्नामाथि बिपत्ती किन आउन दिनुभयो? विश्वको मानव इतिहासमा येशूले जे गर्नुभयो त्यो कहिलै पनि कसैले पनि देखेका थिएनन्। आखिरमा येशू परमेश्वर हुनुहुन्थ्यो जो मानवरूप धारण गर्नुभएको थियो, साँच्चिकै मानिसहरूको बीचमा हिँडडुल गर्नुभएको थियो र मानिसहरूलाई सेवा गर्नुभएको थियो (गलाती ४:४,५, हिब्रू ७:२६, यशैया ९:६, लूका २:१०,११ आदि)। त्यसैकारण जो उहाँका वरिपरि रहेका थिए, उहाँसँग रहेका थिए र उहाँका चेलाहरू भएका थिए तिनीहरूले अनगिन्ति विशेष अनुभवहरू बटुल्न सक्नेभएका थिए।

एक दिन येशू चेलाहरूको साथमा रहनुहुँदा उहाँले तिनीहरूलाई एक निर्णायक प्रश्न गर्नुभएको थियो। त्यो प्रश्नको जवाफ केवल पत्रुसले मात्र दिएका थिए। त्यो किन होला भनेर सोच्नुपनि आवश्यक छ। पत्रुसको जवाफमा येशूले दिनुभएको प्रत्युत्तर प्रत्येक मानव प्राणीको निम्ति किन महत्त्वपूर्ण छ? हेर्नुहोस्, मत्ती १६:१३-१७, "१३ येशू कैसरिया फिलिप्पीको मुलुकमा आउनुभएपछि, उहाँले आफ्ना चेलाहरूलाई सोध्नुभयो, "मानिसहरूले

मानिसको पुत्रलाई को हो भनी भन्छन्?" १४ तिनीहरूले जवाफ दिए, "कसैले बप्तिस्मा-दिने यूहन्ना, कसैले एलिया, र कसैले यर्मिया वा अगमवक्ताहरूमध्ये कुनै एक जना हुन् भनी भन्छन्।" १५ उहाँले तिनीहरूलाई सोध्नुभयो, "तिमीहरू के भन्छौ, म को हुँ?"
१६ सिमोन पत्रुसले जवाफ दिए, "तपाईं ख्रीष्ट हुनुहुन्छ, जीवित परमेश्वरको पुत्र।" १७ येशूले तिनलाई भन्नुभयो, "योनाको छोरो सिमोन, तिमी धन्य हौ। किनभने मानिसबाट तिमीलाई यो प्रकट भएको होइन, तर स्वर्गमा हुनुहुने मेरा पिताले प्रकट गर्नुभएको हो।"

पत्रुसले बहादुरीका साथ घोषणा गर्दछन् कि येशू "तपाईं जीवित परमेश्वरको पुत्र, ख्रीष्ट हुनुहुन्छ" (मत्ती १६:१६ रूपान्तरित)। बाइबलमा उल्लेख गरिएका बिभिन्न घोषणाहरूमा यो एक अत्यन्त महत्त्वपूर्ण र गरिमामय घोषणा थियो। पत्रुसले उहाँलाई "ख्रीष्ट" अर्थात् अभिषेक वा चुनिएको व्यक्ति हुनुहुन्छ भनेर सम्बोधन गरेका थिए। सही रूपमा येशू मसीह हुन् भनेर सम्बोधन गरिएकोमा उहाँ नै अब्राहम र इस्राएललाई दिएको करारका प्रतिज्ञाहरूलाई पूरा गर्न आउनुभएको व्यक्ति हुनुहुन्छ भनेर पत्रुसले स्वीकार गरिएको देखाउँछ (गलाती ३:१६)।

येशू नै ख्रीष्ट हुनुहुन्छ भनेर पत्रुसले ठोकुवा गरेर घोषणा गर्दछन्। त्यो घोषणा पत्रुसले सिजरा फिलिपी भन्ने क्षेत्रमा गर्दछन्। त्यो गैर-यहूदी अर्थात् अन्य जातिहरूको क्षेत्र थियो। बिगत समयमा येशूले दुवै यहूदी र अन्य जातिहरूलाई सेवा गर्नुभएको पत्रुसले देखेका थिए। पवित्र आत्माको सहयोगले येशू अरू यहूदी अगमवक्ता वा धर्मगुरूभन्दा पार भएको व्यक्तित्व हुनुहुन्थ्यो भनेर पहिचान गर्न सफल भएका थिए। येशू लोकप्रिय त हुनहुन्थ्यो तर उहाँ केवल गुरू वा आश्चर्य काम गर्ने असाधारण प्रतिभा भएको व्यक्ति भनेर सर्वसाधारणहरूले मान्दथे भने पत्रुसले उहाँ परमेश्वरले पठाउनुभएको ख्रीष्ट हुनुहुन्छ भने स्वीकार्न पुगेका थिए।

येशूको सेवाकार्य बप्तिस्मा दिने यूहन्ना, एलिया वा यर्मिया अगमवक्ताहरूले गरेका कामहरूभन्दा धेरै माथिल्लो स्तर थियो। आफ्नो कार्य क्षेत्रमा सबै थरिका मानिसहरूलाई समेट्ने उहाँको चाहना थियो। त्यसैकारण आफूलाई "मानिसको पुत्र" भनेर कहलाउन उहाँ गौरवान्वित हुनुहुन्थ्यो। मानव जगतका सारा मानिसहरूमा आफू पनि एक हुँ भनेर उहाँ देखाउन चाहनुहुन्थ्यो। पत्रुसले येशू र उहाँको जगतव्यापी कामको बारेमा धेरै सिक्न अझ बाँकि नै थियो भनेर बाइबलले पछिका घट्नाहरूले देखाएको हामी पढ्न सक्छौं।

तपाईंको जीवनमा येशूले के के गर्नुभयो जसले गर्दा अरूको सामु तपाईं उहाँको साक्षी बन्न सक्नुहुन्छ? तपाईंको जीवनमा येशूले गर्नुभएको कुराहरू सधैं सम्झन तपाईंकै निम्ति किन हितकर छ जसले गर्दा तपाईंले अरूलाई पनि बाँड्न सक्नुहुन्छ?

## २. "चट्टानमाथि" (मत्ती १६:१७-२०)

**"तपाईं नै परमेश्वरको पुत्र ख्रीष्ट हुनुहुन्छ" भनेर पत्रुसले विश्वाससाथ स्वीकारेपछि येशूले एक निर्णायक वक्तव्य उच्चारण गर्नुहुन्छ।**

पत्रुसलाई येशूले दिनुभएको जवाफको अर्थ हामीले कसरी बुझ्ने? हेर्नुहोस्: मत्ती १६:१७-२० "१७ येशूले तिनलाई भन्नुभयो, "योनाको छोरो सिमोन, तिमी धन्य हौ। किनभने मानिसबाट तिमीलाई यो प्रकट भएको होइन, तर स्वर्गमा हुनुहुने मेरा पिताले प्रकट गर्नुभएको हो। १८ म तिमीलाई भन्दछु, कि तिमी पत्रुस हौ। म मेरो मण्डली यस चट्टानमाथि स्थापित गर्नेछु, र नरकका ढोकाहरू त्यसमाथि विजयी हुनेछैनन्। १९ म तिमीलाई स्वर्गको राज्यका साँचाहरू दिनेछु। जे तिमीले पृथ्वीमा बाँध्नेछौ, सो स्वर्गमा बाँधिनेछ, र जे तिमीले पृथ्वीमा फुकाऔला, सो स्वर्गमा फुकाइनेछ।" २० उहाँ ख्रीष्ट हुनुहुन्छ भनी कसैलाई नभन्नू भनी येशूले चेलाहरूलाई कड़ा आज्ञा दिनुभयो।"

**"यस चट्टानमाथि" भन्ने शब्दले युगौंदेखि इसाई चर्चमा बादबिबादको बिषयवस्तु हुन गएको छ। क्याथोलिक चर्चले येशूले सम्बोधन गर्नुभएको चट्टान पत्रुस नै हुन् भनेर ठोकुवा गर्दछ। पत्रुस नै प्रथम् पोप हुन् भनेर क्याथोलिक चर्चले ठोकुवा गर्दछ। तर प्रोटेस्टेन्ट वा सुधारवादी इसाईहरूले क्याथोलिकको धारणासँग सहमत जनाउँदैनन्।**

**तर त्यो चट्टान पत्रुस नभएर येशू आफै हुनुहुन्छ भनेर बाइबलले स्पष्ट गरेको छ।**

**प्रथमतः, केही स्थानहरूमा पत्रुसले आफू होइन येशू नै चट्टान हुनुहुन्छ भनेर उहाँलाई चट्टानको प्रतिक उल्लेख गरेका थिए (प्रेरित ४:८-१२, १ पत्रुस २:४-८)।**

**दोस्रोमा, सारा बाइबलभरि परमेश्वर र ख्रीष्टलाई चट्टान भन्ने शब्दचित्र वा प्रतिकको रूपमा प्रस्तुत गरेको पाइन्छ। तर चट्टानरूपी परमेश्वरको दाँजोमा मानिसहरू कमजोर र भरपर्दो छैन। "हामी केबाट बनेका हौं, त्यो उहाँलाई थाहा छ। हामीहरू केवल धुलो हौं भनेर उहाँलाई थाहा छ" (भजन १०३:१४ रूपान्तरित)। "मानव अगुवाहरूमाथि भरोसा नराख। मानिसहरूलाई विश्वास**

**नगर। तिनीहरूले तिमीहरूलाई मुक्ति दिन सक्दैनन्" (भजन १४६:३ रूपान्तरित)। येशूको बारेमा यूहन्नाले यसरी लेख्दछन् "मानिसहरू कस्ता छन् भनेर अरूहरूले उहाँलाई भन्न आवश्यक छैन। ती मानिसहरूका हृदयमा के थिए भनेर उहाँलाई थाहाभइसकेको थियो" (यूहन्ना २:२५ रूपान्तरि)। अनि पत्रुसको मनमा के थियो भनेर पनि येशूलाई थाहा थाहा थियो (मत्ती २६:३४)।**

देहायका केही पदहरूले यथार्थमा चट्टान के रहेछ भनेर हामीलाई बताउँछन्? हेर्नुहोस्: १ कोरन्थी १०:४ "सबैले आत्मिक पानी पिए, किनकि तिनीहरूका साथसाथै हिँड्ने आत्मिक चट्टानको पानी तिनीहरूले पिए। त्यो चट्टानचाहिँ ख्रीष्ट नै हुनुहुन्थ्यो।", मत्ती ७:२४,२५ "२४ "यसकारण जसले मेरा यी वचन सुन्छ र पालन गर्छ, म एउटा बुद्धिमान् मानिससँग त्यसको तुलना गर्छु, जसले आफ्नो घर चट्टानमाथि बनायो। २५ अनि पानी पऱ्यो, र बाढ़ी आयो, अनि हुरी चल्यो र त्यस घरमाथि बजारियो, र पनि त्यो घर ढलेन। किनकि त्यो चट्टानमाथि बसालिएको थियो।" र एफिसी २:२० "त्यो घराना प्रेरितहरू र अगमवक्ताहरूको जगमाथि बसालेर निर्माण भएको छ, र ख्रीष्ट येशू आफैचाहिँ मुख्य कुने-ढुङ्गो हुनुहुन्छ।"

**"कस्तो कमजोर अवस्थामा देखिएको चर्चलाई येशू ख्रीष्टले चट्टानमाथि चर्च खडा गर्नेछु भनेर सम्बोधन गर्नु भएको थियो! जुन् समूहमाथि शैतानका शक्तिहरूले र दुष्ट मानिसहरूले ध्वस्त अस्त्रहरू सोझ्याउने थिए ती केवल केही विश्वासीहरू मात्र थिए अर्थात् केवल केही विश्वासीहरूको बिरुद्धमा मात्र शैतानका मतियारहरू लाग्ने भएका थिए। तर येशूलाई पछ्याउनेहरूले डराउन आवश्यकता थिएन। यदि तिनीहरूले तिनीहरूको बलको चट्टानमाथि आफ्नो आस्थाको निर्माण गरे भने तिनीहरूलाई कसैले पनि पछार्ने छैन।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज्, पृ. ४१३बाट रूपान्तरित।**

मानिसहरूको कमजोरीहरूसँग तपाईंको अनुभव कस्तो भइरहेको छ? केवल येशू चट्टानमाथि भर पर्न ती अनुभवहरूले तपाईंलाई कसरी घचेट्दछ?

## ३. शैतानले खेलेको भूमिका र पत्रुस (मत्ती १६:२१-२३)

येशू को हुनुहुन्थ्यो भनेर आफ्ना सहकर्मीहरूको सामु पत्रुसले स्वीकारेको लगत्तै अचानक उनिप्रति येशूले कठोर नीति अपनाउनुभएको थियो। त्यो के थियो, हेर्नुहोस् मत्ती १६:२१-२३ "२१ उहाँ कसरी यरूशलेममा जानुपर्छ, र धर्म-गुरु र मुख्य पूजाहारीहरू र शास्त्रीहरूबाट धेरै कष्ट भोग्नुपर्छ, मारिनुपर्छ र तेस्रो दिनमा जीवित भइउठ्नुपर्छ भनी उहाँले त्यस बेलादेखि

आफ्ना चेलाहरूलाई बताउन थाल्नुभयो। २२ पत्रुसले उहाँलाई एकातिर लगेर हप्काउन लागे, “परमेश्‍वरले यसो नगरून्, प्रभु, तपाईंमाथि यस्तो कहिल्यै हुनेछैन।” २३ तर फर्केर उहाँले पत्रुसलाई भन्‍नुभयो, “ए शैतान, मेरो सामुन्‍नेबाट हटिजा, तँ मेरो निम्ति बाधा होस्। किनभने तँ परमेश्‍वरका कुरामा होइन, तर मानिसहरूका कुराहरूमा ध्यान दिन्छस्।”

**पत्रुसको समस्या भनेको येशूलाई सुरक्षा दिन प्रयास गर्न खोज्नु होइन। तर उनले येशूलाई बसमा राख्न खोजेका थिए। येशूको पछि लाग्न उनि अघि सरेको नभएर येशू उनको पछि लागुन् भन्‍ने पत्रुसको चाहना थियो।**

**येशूले सम्बोधन गर्नभयो, "हे शैतान मबाट हट!" (मत्ती १६:२३ रूपान्तरित)। शैतानले उजाड स्थानमा येशूको योजनालाई तहसनहस पार्न खोज्दा उहाँले उसलाई त्यसरी नै सम्बोधन गर्नुभएको थियो। अब पत्रुसले पनि येशूको लक्ष्यलाई बिटुलो पार्न खोजेको थियो।**

**येशूले आफ्ना चेलाहरूलाई हेर्दै त्यो कुराकानी गर्नुभएको थियो भनेर मर्कुस ८:३३ले भन्दछ। तिनीहरूलाई उद्धार गर्न उहाँ आउनुभएको थियो। त्यस लक्ष्यबाट बिचलित हुने उहाँको इच्छा थिएन। पत्रुसको नियत जतिसुकै असल देखिएतापनि येशू आफ्नो योजनाबाट हट्ने हुनुहुन्‍न थियो ।**

**येशूसँगको हिँडाइमा सिमोन पत्रुस जतिसुकै अघि बढेतापनि अरूहरूमाथि उनले नियन्त्रण गर्न खोजेको स्पष्ट हुन्छ। येशू पनि उनले भनेको जस्तो चालमा चलोस् भन्‍ने उनको चाहना थियो। त्यस परिप्रेक्ष्यमा पत्रुस अर्को चेलाभन्दा केही फरक देखिएको थिएन, त्यो थियो यहुदा। मसीह को हुनुपर्छ भनेर सोच्दै यहुदाले येशूको जीवनलाई व्यवस्थित गर्न खोजेको थियो। येशूको उसको योजनामुताविक चलोस् भन्‍ने यहुदाको चाहना थियो। तर पत्रुस यहुदा जस्तो पत्थरको हृदय भएको व्यक्ति थिएन। आफूले गरेको गल्तीलाई हृदयदेखि स्वीकार्न र सच्याउन र क्षमा पाउन पत्रुस तयार थिए।**

येशूले यहाँ व्यक्त गर्नुभएको अभिव्यक्तिको अर्थ के हो, हेर्नुहोस्: "२४ तब येशूले आफ्ना चेलाहरूलाई भन्‍नुभयो, “कोही मेरो पछि आउने इच्छा गर्दछ भने, उसले आफूलाई इन्कार गरोस् र आफ्नो क्रूस उठाएर मेरो पछि लागोस्। २५ किनकि जसले आफ्नो प्राण बचाउन चाहन्छ, उसले त्यो गुमाउनेछ, तर जसले आफ्नो प्राण मेरो निम्ति गुमाउँछ, त्यसले त्यो पाउनेछ। २६ सारा जगत् प्राप्‍त गरेर पनि आफ्नो प्राण गुमायो भने, मानिसलाई के लाभ हुन्छ? अथवा मानिसले आफ्नो प्राणको सट्टामा के दिन सक्छ? २७ किनकि मानिसको

पुत्र आफ्ना पिताको महिमामा आफ्ना स्वर्गदूतहरूसँग आउनेछ, र त्यस बेला उनले हरेक मानिसलाई त्यसको कामअनुसार प्रतिफल दिनेछ।"

**हामीहरू संसारको त्यस संस्कार वा रहनसहनमा हुर्केका छौं जसले हामीलाई यो सिकाउँदछ कि हामीहरूले चाहेको सबै थोक पाउन हामीहरूको सपना र आकाङ्क्षाको पछि लाग्नुपर्छ र चाहे सबै थोक त्याग्न पनि तयार हुनुपर्छ। तर येशूले त्यसको ठीक बिपरित नीति अपनाउन हामीलाई आह्वान गर्नुहुन्छ। हामीहरूका सपनाहरूलाई त्यागेर उहाँमा भरोसा राख्दै अघि बढ भनेर उहाँले हामीहरूलाई आमन्त्रण गर्नुहुन्छ। सही आस्था वा विश्वास वा येशूमा मात्र भर पर्नु भनेको के हो भनेर पत्रुस र अरू चेलाहरूले बिस्तारै सिक्दछन्। आफूले चाहना गरेको वस्तु पाउनु सही बिश्वास वा आस्था होइन। सही वा सत्य विश्वास भनेको हामीले अत्यन्त चाहना गरेको थोकलाई जतिसुकै पिडा सहनुपरेपनि त्याग्न सक्नु हो। जब तपाईंले आफ्ना सपना वा महत्त्वाकाँक्षाहरूलाई परमेश्वरको हातमै छोड्नुहुन्छ तब तपाईंले तपाईंको जीवनलाई त्यागिरहेको देखाउँदछ। तर त्यसै बखत प्रभु येशूमा तपाईं नयाँ जीवन पाउनुभएको अनुभव गर्नुहुनेछ।**

तपाईंले येशूको पछि लाग्दा के के कुराहरू त्याग्नु वा छोड्नु परेको थियो? फेरि त्यसैबखत ती थोकहरू एक समय जरुरी थियो भनेर ठान्नुभएतापनि अहिले फर्केर हेर्दा तिनीहरू तपाईंको सामु कस्तो देख्नुभएको पाउनुहुन्छ?

## ४. स्वर्गबाट उत्साहप्रद आकाशवाशणी (मत्ती १७:१-९)

मत्ती १७:१-९मा एक अभूतपूर्व दृष्य घटेको वर्णन गरिएको छ। त्यो दृष्यमा के भयो र येशू र चेलाहरूकै निम्ति त्यो किन महत्त्वपूर्ण र निर्णायक घट्ना हुन पुग्यो? हेर्नुहोस्: "१ त्यसको छ दिनपछि येशूले पत्रुस, याकूब र
तिनका भाइ यूहन्नालाई आफूसँग एउटा उच्च पहाड़माथि अलग्गै लैजानुभयो।
२ तिनीहरूका सामुन्ने उहाँको रूप परिवर्तन भयो। उहाँको चेहरा सूर्यझैं
चम्क्यो, ३ र उहाँका वस्त्र प्रकाशझैं सेता भए। अनि मोशा र एलिया उहाँसँग
बातचित गरिरहेका देखा परे। ४ पत्रुसले येशूलाई भन्छन्, "हे प्रभु, हामी यहाँ
भएको असल छ। तपाईंको इच्छा भए म यहाँ तीन वटा वासस्थान बनाउनेछु,
एउटा तपाईंको निम्ति, एउटा मोशाको निम्ति र एउटा एलियाको निम्ति।" ५
तिनी बोल्दाबोल्दै, चम्किलो बादलले तिनीहरूलाई ढाकिहाल्यो, र त्यस
बादलबाट एउटा आवाज आयो, "यिनी मेरा प्रिय पुत्र हुन्, यिनीसँग म अति

प्रसन्न छु, यिनको कुरा सुन।" ६ जब चेलाहरूले यो सुने, तब तिनीहरू अति भयभीत भएर घोप्टो परे। ७ तर येशूले आएर तिनीहरूलाई छोएर भन्नुभयो, "उठ, नडराओ।" ८ जब तिनीहरूले आफ्ना आँखा उचाले, येशूबाहेक तिनीहरूले अरू कसैलाई देखेनन्। ९ जब उहाँहरू पहाड़बाट ओर्लंदैहुनुहुन्थ्यो, येशूले तिनीहरूलाई आज्ञा गर्नुभयो, "जबसम्म मानिसको पुत्र मृतकबाट जीवित भई उठ्दैन, तबसम्म तिमीहरूले यो दर्शनको कुरा कसैलाई नभन्नू।"

प्रभु येशू "स्वर्गमा प्रेम र सङ्गतिको बीचमा जीवन बिताउनुभएको थियो। तर आफूले सृष्टि गर्नुभएको संसारमा उहाँ एक्लै हुनुभएको थियो। स्वर्गबाट येशूलाई समाचार दिन त्यसका सन्देशवाहकहरू पठाइएका थिए। तिनीहरू स्वर्गदूतहरू थिएन तर अनेकन् कष्ट र पिडा भोगेका मानिसहरू थिए। यस संसारमा मुक्तिदाता अत्यन्त कठिन समय गुज्रिरहेको बेलामा उहाँलाई सहानुभूति व्यक्त गर्न तिनीहरू आएका थिए। मोशा र एलिया ख्रीष्टका सहकर्मी भएका थिए। मानिसहरूले मुक्ति पाउन् भन्ने उहाँको चाहना उहाँसँग सहकर्मी भएर तिनीहरूले काम गरेका थिए।... परमेश्वरको सिहाँसनको वरिपरि रहेका स्वर्गदूतहरूलाई पनि माथ गरेर ती आदरणीय व्यक्तिहरू येशूले भोग्नुपर्ने कष्टको बारेमा चर्चा गर्न उहाँकहाँ पठाइएका थिए। स्वर्गको सहानुभूतिको प्रतिज्ञालाई ल्याएर तिनीहरूले येशूलाई सान्त्वना तथा हौशला दिन तिनीहरू आएका थिए। येशू र तिनीहरूको बीचमा भएको कुराकानीमा संसारको आशा र प्रत्येक व्यक्तिलाई उपलब्ध गराइएको मुक्तिमा केन्द्रित थियो।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज, पृ. ४२२, ४२५बाट रूपान्तरित।

परमेश्वरको पुत्र भएर मानव चोला लिनुभएकोले येशूलाई पनि ती मानिसहरूबाट हौशला, उत्साह र साहसको आवश्यक भएको थियो। तिनीहरू आफैले कष्ट र हतोत्साह भोगेका थिए। उहाँसँग तिनीहरूले के कुराकानी गरे भनेर लूकाले लेख्दछन् "यरुशलेममा उहाँको मृत्युपछि उहाँले के सम्पन्न गर्नुहुनेछ त्यसको चर्चा तिनीहरूले उहाँसँग गरेका थिए।" (लूका ९:३१ रूपान्तरित। उहाँले सम्पन्न गर्नुहुने काम भनेको उहाँले पूरा गर्ने वा फत्ते गर्ने काम हो। मानिसहरूको मुक्तिको निम्ति येशूको मृत्यु आवश्यक थियो भन्ने प्रमाण त्यो भन्दा अरू के होला? येशूलाई हौशला दिन आवश्यक भएको परमेश्वरले थाहा पाएर नै ती महापुरुषहरूलाई उहाँकहाँ पठाइएका थिए।

येशूले गर्नुभएको सबै कामहरू पत्रुस, याकूब र यूहन्नाले देखेतापनि र उहाँका वचनहरू उहाँबाट जे सुनिसकेतापनि जुन् दर्शन पहाडमा दिइएको थियो त्यसले उहाँ को हुनुहुन्छ भनेर ठोकुवा गरेर विश्वास गर्ने अझ वढि कारणहरू

**ती चेलाहरूले पाएका थिए। त्यस दर्शनले त्रसित वा अकमक बनेका ती चेलाहरूलाई बादलबाट आकाशवाणी हुँदा तिनीहरूलाई अझ धेरै हौशला मिलेको थियो। "येशू तल आउनुभयो र तिनीहरूलाई छोएर 'उठ, नडराऊ'" भनेर मत्तीले उल्लेख गरेको पनि चासोको बिषय हो (मत्ती १७:१७ रूपान्तरित)। आफूले सबै महाकष्टहरूको छिट्टै सामना गर्नुपर्ने येशूले थाहा पाएतापनि उहाँले उहाँका चेलाहरूलाई हौशला, उत्साह र सान्त्वना दिनुहुन्छ।**

हामीहरूको आस्था वा विश्वास जतिसुकै बलियो भएतापनि वा हामीहरूको काम जस्तोसुकै भएतापनि हामीहरू सबैले बेलाबेलामा हौशलाको आवश्यकता पर्दछ। तपाईंको सहकर्मी वा अरू जो भएतपनि तपाईंलाई थाहा होला जसलाई हौशला दिनुपर्ने आवश्यक भएको हुनसक्छ। अहिले नै तपाईंको हौशलाको आवश्यक भएको व्यक्ति कोही होला त जसलाई तपाईंले उत्साह दिन सक्नुहुन्छ?

## ५. येशू र मन्दिरमा तिर्नुपर्ने कर (मत्ती १७:२४-२७)

मत्ती १७:२४-२७मा अर्को रोचक प्रसङ्ग उल्लेख गरिएको छ जसले येशूको बारेमा के बताउँछ भनेर हामीले जानकारी पाउँछौं? हेर्नुहोस्: "२४ जब उहाँहरू कफर्नहुममा आउनुभयो, मन्दिरको कर उठाउनेहरूले पत्रुसकहाँ आएर भने, "के तिमीहरूका गुरुले तिरो तिर्दैनन्?" २५ तिनले भने, "हो, तिर्नुहुन्छ।" पत्रुस घरमा पसेपछि येशूले तिनलाई पहिले भन्नुभयो, "सिमोन, तिम्रो विचार के छ? पृथ्वीका राजाहरूले महसूल वा कर कोबाट उठाउँछन्? आफ्ना छोराहरूबाट कि अरूहरूबाट?" २६ "अरूहरूबाट," पत्रुसले जवाफ दिए। येशूले तिनलाई भन्नुभयो, "उसो भए छोराहरूले त छुट पाएका रहेछन्। २७ तर तिनीहरू हामीबाट नचिढ़िऊन् भन्ने हेतुले, समुद्रमा गएर बल्छी हान, र पहिले परेको माछा ल्याऊ। त्यसको मुख खोल्दा तिमीले एउटा चाँदीको सिक्का पाउनेछौ। त्यो लगेर तिम्रो र मेरो निम्ति तिनीहरूलाई देऊ।"

**सबै यहूदीहरूले मन्दिरको कर तिर्नुपर्दथ्यो। तर पुजारी, लेबी र धर्मगुरू तथा रब्बीहरूलाई मन्दिरको कर तिर्नबाट छुट थियो। येशूले कर तिर्नुहुन्छ कि भनेर सोधिन्दा उहाँको सेवाकार्य वा समाजमा उहाँको स्थानलाई चुनौति दिएको थियो।**

**येशू ख्रीष्टको पूर्ण अधिकारको बारेमा गवाही दिने अवसरबाट उनि कसरी चुके भनेर एलेन जी ह्वाइटले यसरी व्यक्त गर्छिन् "जब येशूले कर तिर्नुहुन्छ कि भन्ने प्रश्नमा तिर्नुहुन्छ भनेर जवाफ दिंदा मानिसहरूको बीचमा**

भएको येशूप्रतिको गलत धारणालाई पत्रुसले समर्थन गरेको देखाउँछ।..मन्दिरसँग सम्बन्ध भएकोले पुजारी र लेबीहरूले कर तिर्नु पर्दैन भनेर हामीलाई थाहा छ। त्यसकारण अरूहरूभन्दा येशूले कर तिर्नु नपर्ने उत्तम कारण थियो किनभने त्यो मन्दिर उहाँको पिताको घर थियो।"-द डिजाएर अभ एजेज्, पृ. ४३३, ४३४बाट रूपान्तरित।

येशूले पत्रुसप्रति सदाशयता र दया देखाउनु भएकोबाट हामीले धेरै कुराहरू सिक्न सक्छौं। पत्रुसलाई लाजमर्दो बनाउनुको सट्टा भद्र नीति अपनाएर पत्रुसको भूललाई उहाँले सच्याउनुहुन्छ। अत्यन्त सृजनात्मक तरिका अपनाएर पत्रुसलाई पाठ सिकाउनुहुन्छ। येशूले केवल त्यसै कर तिर्नुहुन्न। त्यसको अर्थ उहाँले कर तिर्नु पर्ने वाध्यता भएको देखाउँथ्यो। बरू उहाँले अन्तैबाट पैसा लिएर पत्रुसलाई कर तिर्न लाउनुहुन्छः त्यो थियो माछ्राको मुखबाट।

माछ्राको मुखबाट पैसा झिकेर कर तिर्ने काम येशूको असाधारण आश्चर्य काम थियो। आफ्नो फाइदाको निम्ति गर्नुभएको अलौकिक वा आश्चर्य काम केवल त्यो मात्र थियो। तर अचम्म कामको उद्देश्य त्यो थिएन। बरू मन्दिर र सबै सृष्टिमाथि उहाँको अधिकार छ भनेर उदाहरणद्वारा येशूले सबैलाई देखाउन चाहनुभएको थियो। हामी मानिस भएकोले येशूको त्यो अचम्म कामलाई बुझ्न हामीहरूको दिमागले भ्याउँदैन। येशूको सबै अचम्म कामलाई देख्ने पत्रुसले जब पानीमा जाल हाल्छन् र माछ्रा पक्रन्छन् र त्यसको मुखबाट मन्दिरलाई कर तिर्न ठ्याक्क चाहिने मोहर भेट्टाउँदा उनको दिमागमा कस्तो मन्थन वा सोचले पौडी खेलिरहे होला त्यो केवल हामीले अनुमानमात्र गर्न सक्छौं (यशैया ४०:१३-१७ पनि पढ्नुहोस्)।

येशू र उहाँका चेलाहरूले मन्दिरको कर तिर्नु पर्दैनथ्यो। तर पुजारीहरूसँग हुने कचकचबाट पन्छिन उहाँले तिनीहरूलाई कर तिर्न अऱ्हाउनुभयो। कुनै स्पष्ट नभएको कुरामा हामी असहमत भएतापनि वा अरूको सामु झमेलामा नपर्न हामीले त्यसबाट के पाठ सिक्न सक्छौं?

## उपसंहारः

थप जानकारीः येशूको निर्देशनमा पत्रुसले कसरी ठिक्क चाहिने पैसा माछ्राको मुखबाट निकाल्यो भन्ने कथा अचम्म र साथै असाधारण मानिनुपर्छ। यो कस्तो असम्भव लाग्दो कथा छ कि कतिपय बाइबलका विद्वानहरूले त्यस कथालाई बाइबलबाटै फ्याँक्न चाहेका थिए। त्यो केवल दन्त्यकथा हो र केही सन्देश दिन रमाइलो कथामात्र हो भनेर तिनीहरूले दावी गरेका थिए। तर त्यो

कथालाई हामीले कसरी लिने भनेर लिनुको सट्टा त्यसलाई दन्त्यकथाको पङ्क्तिमा राखेर त्यस कथाबाट हट्न खोजेको देखाउँछ। (कथालाई काल्पनिक भनेर पन्छाउँदा त्यसको समाधान हुँदैन)। येशूले त्यो मात्र होइन अरू धेरै खालका अचम्मको काम गर्नुभएको थियोः बिरामीलाई निको पार्नुभएको थियो, अन्धाको दृष्टि खोल्नुभएको थियो, मूर्दालाई बिँताउनुभएको थियो, हजारौंलाई ख्वाउनुभएको थियो आदि। प्रत्येक अलौकिक वा अचम्मको कामको ढाँचा एक आपसमा फरक थियो। पुरानो करामा पनि धेरै अचम्मको कामहरू भएका थिए, जस्तै बँचरो पानीमा तैरिरहेको (२ राजा ६:२-७) र सुक्खा जमिनमा भिजेको ऊन र भिजेको जमिनमा सुक्खा ऊन (न्यायकर्ता ६:३६-४०)। त्यसकारण अचम्म तथा असाधारण घट्नाहरू बाइबलको निम्ति कुनै नौलो कुरो होइन। तर त्यो सानो समस्यालाई समाधान गर्न येशूले किन पत्रुसलाई पैसा दिएर कर नतिऱ्याइ माछाको मुखबाट पैसा निकाल्न अचम्मको काम गर्न पत्रुसलाई अऱ्हाउनुभयो?

बाइबलका पदहरूले त्यसको जवाफ दिँदैन। तर परमेश्वरको महान् शक्ति देखाइएको त्यस पाठले हामीलाई सिकाउँछ। त्यसले हामीलाई अचम्म पार्नु आवश्यक छैन। हामीहरूको परमेश्वरको अचम्मको शक्तिको प्रमाण हामीले जतातततै देखिनै रहेका हुन्छौं। यदि परमेश्वरले सारा जगत र त्यहाँ भएका सबैलाई सृष्टि गर्नुभयो भने माछाको मुखबाट पैसा निकाल्नु उहाँको निम्ति कुनै ठूलो कुरो होइन। मत्तीले भन्दा अर्कै विषयवस्तुलाई औंल्याउँदै पावलले धेरै उल्लेखनीय उद्गार व्यक्त गर्दछन्: " ३३ आहा! परमेश्वरको वैभव र बुद्धि र ज्ञान कति गहिरो! उहाँका इन्साफहरू कति अगम र उहाँका मार्ग बुझ्न नसकिने! ३४ "किनभने प्रभुको मनलाई कसले जानेको छ? अथवा उहाँको सल्लाहकार को भएको छ?" ३५ "अथवा, कसले उहाँलाई कुनै उपहार दिएको छ र परमेश्वरले उसलाई फिर्ता दिनुपरोस्?" ३६ किनकि सबै थोक उहाँबाट, उहाँद्वारा र उहाँकै निम्ति सृजिएका हुन्। उहाँलाई नै सदासर्वदा महिमा होस्, आमेन्।" मत्तीले लेखेका माछाको मुखबाट निकालिएको पैसा त्यस सत्यको केवल एक मात्रामात्र हुन्।

**चिन्तनमननः**

अ. आफ्नो इच्छालाई परमेश्वरकोमा समर्पण गर्दा गर्नुपर्ने संघर्ष हाम्रो पनि हो। मलाकी १ अध्यायमा त्यस संघर्षको एक उदाहरण पाइन्छ। त्यहाँ यहूदीहरूलाई परमेश्वरले उत्तम पशुहरू बलिको निम्ति ल्याउन

आह्वान गर्नुहुन्छ " १२ "तर तिमीहरू त 'परमप्रभुको टेबिल अशुद्ध छ, र त्यसमा भएको त्यो भोजन बिटुलो छ, यो घृणास्पद छ' भनेर मेरो नाउँ अपवित्र गर्दछौ। १३ अनि तिमीहरू यसो भन्दछौ, 'यो त कस्तो दिक्क लाग्ने काम हो, अनि त्यसप्रति हेलासाथ नाक चेप्प्याउँछौ," सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ। "जब तिमीहरूले चोट लागेका, खोरन्डा र बेथा लागेका पशुहरूलाई बलिको रूपमा चढ़ाउँछौ त, के तिमीहरूका हातबाट यस्ता भेटीहरू मैले ग्रहण गर्ने?" परमप्रभु भन्नुहुन्छ।" कस्तो खालको बलि हामी ल्याउनु पर्छ भनेर परमेश्वरले किन चासो राख्नुहुन्छ? किनभने हामीलाई अत्यन्त मनपर्ने र त्यसलाई पकडि राख्ने वस्तुलाई उहाँमा सुम्पन्न उहाँ चाहनुहुन्छ। तपाईंको जीवनमा परमेश्वरभन्दा बढि माया गर्ने बस्तु के छ जसले गर्दा परमेश्वरको राज्यलाई गुमाउन तपाईं तत्पर हुनुहुन्छ? ती थोकहरू तपाईंले परमेश्वरलाई कसरी सुम्पन्न सक्नहुन्छ?

**आ.** मन्दिरमा कर तिर्ने मामिलालाई येशूले कसरी सुल्झाउनुभयो त्यसको बारेमा सोच्नुहोस्। परिस्थितिलाई गम्भिर वा नराम्रो पार्नुको सट्टा त्यसलाई हलुको पार्नुहुन्छ। दिन दिनको जीवनमा हामीले गर्ने झैंझगडामा त्यसबाट हामीले के सिक्न सक्दछौं? कहिले बोल्ने र कहिले चुप लाग्ने भनेर हामीले कसरी सिक्ने?